# 24 October 2024

## National News

मुख्य समाचार

- केन्द्रिय मन्त्रीमण्डलद्वारा दुई रेलमार्ग परियोजना स्वीकृत
- केन्द्रीय मन्त्रिपरिषद्ले अन्तरिक्ष क्षेत्रक ा लागि समर्पित भेन्चर क्यापिटल फण्डलाई गऱ्यो अनुमोदन
- चक्रवाती तूफान 'दाना' आज राति वा भोलि बिहानसम्ममा ओडिशाको तटीय क्षेत्रमा ठोक्किने सम्भावना, उच्च सतर्कता र तयारी
- कुस्तीमा भारतका विश्वजित रामचन्द्र मोरेले विश्व च्याम्पियनसिपमा जिते कास्य पदक
- भारत-जर्मनी द्विपक्षीय हकी सिरिज जर्मनीले जित्यो
- महिला क्रिकेटमा भारतले न्युजिल्याण्डलाई जितका लागि 228 रनको दियो लक्ष्य

CCEA - रेल परियोजनाहरू

प्रधानमन्त्री श्री नरेन्द्र मोदीको अध्यक्षतामा आज बसेको केन्द्रीय मन्त्रिपरिषद्को बैठकले मेट्रो, स्मार्ट सिटी, विमानस्थल, सडकलगायतका विभिन्न महत्वपूर्ण निर्णय गरेको छ।
यस आसयको जानकारी बैठकपछि सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले दिनुभएको हो।
आर्थिक मामिलासम्बन्धी मन्त्रिपरिषद् समितिको आज बसेको बैठकले 6 हजार 7 सय 98 करोड रुपियाँको अनुमानित लागतका दुईवटा रेलमार्ग परियोजनालाई स्वीकृत गरेको छ । यसको उद्देश्य ढुवानी लागत घटाउनु र जनतालाई यातायात सुविधा उपलब्ध गराउनु हो। पहिलो परियोजनाअन्तर्गत नरकटियागञ्ज–रक्सौल, सीतामढी, दरभंगा र सीतामढी–मुजफ्फरपुर गरी दुई सय 56 किलोमिटर लामो रेलमार्ग बिछ्याइनेछ । यसले नेपाल, उत्तर–पूर्वी भारत र सीमावर्ती क्षेत्रबीचको सम्पर्कलाई सशक्त बनाउनका साथै सामाजिक–आर्थिक विकासमा पनि वृद्धि हुनेछ ।
यसरी नै मन्त्रिपरिषद्ले इरुपालम र नम्बुरुबीच अमरावती हुँदै नयाँ रेलवे लाइन निर्माणलाई पनि स्वीकृति दिएको छ।

## क्याबिनेट-भेन्चर क्यापिटल

केन्द्रीय मन्त्रिपरिषद्‌ले अन्तरिक्ष क्षेत्रको लागि समर्पित एक हजार करोड रुपियाँको भेन्चर क्यापिटल फण्डलाई अनुमोदन गरेको छ। प्रस्तावित भेञ्चर क्यापिटल फ्रण्टको सञ्चालन अवधि पाँच वर्षसम्मको रहेको छ। भारतको अन्तरिक्ष क्षेत्रलाई रणनीतिक रूपमा अगाडि बढाउन, राष्ट्रिय प्राथमिकताहरू अनुरूप नवप्रवर्तन र आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्न कोषलाई डिजाइन गरिएको हो।

## राजनाथ भारत-चीन

रक्षामन्त्री श्री राजनाथ सिंहले भारत र चीनले एलएसीका केही क्षेत्रमा आफ्ना मतभेदहरू समाधान गर्न कूटनीतिक र सैन्य तहमा वार्ता गरिरहेको बताउनु भएको छ।
नयाँ दिल्लीमा चाणक्य रक्षा सम्वाद 2024 को उद्घाटन सत्रलाई सम्बोधन गर्दै श्री सिंहले वार्तापछि समान र पारस्परिक सुरक्षाको सिद्धान्तमा आधारित स्थितिलाई पुनर्स्थापित गर्न व्यापक सहमति भएको बताउनुभयो। उहाँले निरन्तर वार्तापछि ढिलो चाँडो समाधान निस्कने बताउनुभयो ।

## रेल - विशेष ट्रेनहरू

तिहार र छठ पूजाको समयमा यात्रीहरूको भीडलाई मध्यनजरमा राखेर रेल मन्त्रालयले सात हजार विशेष रेलगाडी सञ्चालन गरिरहेको छ । रेलमन्त्री श्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा भन्नुभयो, यी विशेष ट्रेनहरूबाट दैनिक दुई लाख यात्रीले यात्रा गर्न सक्नेछन्। उहाँले अघिल्लो वर्ष चार हजार पाँच सय रेल गुडेको र यो वर्ष सात हजार रेल गुड्ने बताउनुभयो।

## संयुक्त राष्ट्र दिवस

आज संयुक्त राष्ट्रसंघ दिवस पालन गरिँदैछ। यो दिन संयुक्त राष्ट्र संघको औपचारिक स्थापनाको सम्झनामा मनाइन्छ। संयुक्त राष्ट्र एक अन्तरसरकारी संस्था हो जसले अन्तर्राष्ट्रिय कूटनीति, मानवीय प्रयास र वैश्विक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।
सन् 1945 मा संयुक्त राष्ट्र संघको बडापत्र लागू भएको वर्षगाँठको उपलक्ष्यमा हरेक वर्ष 24 अक्टोबरमा संयुक्त राष्ट्र संघ दिवस मनाइन्छ । राष्ट्रहरूबीच शान्ति, सुरक्षा र सहयोग प्रवर्द्धन गर्न दोस्रो विश्वयुद्धपछि संयुक्त राष्ट्रसंघको स्थापना भएको थियो।

चक्रवात दाना

पूर्व–मध्य बंगालको खाडीमा बनेको चक्रवाती तूफान 'दाना' आज राति वा भोलि बिहानसम्ममा ओडिशाको भितरकनिका र धामरा बीचको तटीय क्षेत्रमा ठोक्किने सम्भावना छ ।

तटमा ठोक्किएपछि, चक्रवात थोरै पश्चिम-दक्षिणपश्चिम तर्फ मोडिने सम्भावना छ। जसले ओडिशाको केही भित्री र दक्षिणी भागहरूमा अत्याधिक वर्षाको सम्भावना बन्नेछ। दाना तटीय क्षेत्रमा आएको ५ देखि ६ घण्टामा हावाको गति 125 किलोमिटर प्रतिघण्टाको हाराहारीमा रहनेछ।

यसका साथै हावाहुण्डरीका कारण समुन्द्रमा उच्च ज्वारभाटा आउन सक्ने अनि रुख, बिजुलीका खम्बा र माटोका घरहरु लड्न सक्ने बताइएको छ । मौसम विभागले तीव्र चक्रवात 'दाना'को कुनै केन्द्र नभएको जनाएको छ । हावाहुण्डरीका कारण आगामी दुई दिन देशका विभिन्न स्थानमा भारी वर्षाको सम्भावना रहेको छ । चक्रवात पारादीपबाट 190 किलोमिटर र ओडिशाको तटमा रहेको धामराबाट 220 किलोमिटर टाढा रहेको र बंगालको खाडीमा 12 किलोमिटर प्रतिघण्टाको गतिमा अघि बढिरहेको छ ।

ओडिशाको केन्द्रपारा, बालासोर, मयुरभञ्ज, जगतसिंहपुर र भद्रक जिल्लाहरू भारी वर्षाका कारण सबैभन्दा बढी प्रभावित हुनेछन् भने राज्यका अन्य ९ जिल्लामा पनि भारी वर्षा हुनेछ। भुवनेश्वरस्थित बिजु पटनायक अन्तर्राष्ट्रिय विमानस्थलमा आज साँझ ५ बजेदेखि भोलि बिहान ९ बजेसम्मका लागि सबै हवाई सेवा बन्द गरिएको छ । आँधीका कारण ४० भन्दा बढी उडान र लगभग दुई सय रेल रद्द भएका छन् ।

भारतीय नौसेनाले ओडिशा र पश्चिम बंगालको तटमा आउनेको चक्रवाती आँधी दानाको प्रभावमा मानवीय सहायता र प्रकोप उद्धार कार्य सञ्चालन गर्ने तयारी गरेको छ। रक्षा मन्त्रालयले भनेको छ, नौसेनाले आँधीको प्रभावको जोखिममा रहेका क्षेत्रहरूमा आवश्यक कपडा, पिउने पानी, खाना, औषधि र आपतकालीन राहत सामग्रीहरू पुऱ्याउनेछ।

आवश्यक परेमा उद्धार र राहत कार्यमा सहयोग गर्न गोताखोरहरूको टोली तैनाथ गरिएको छ। नौसेनाको पूर्वी फ्लीटका दुई जहाजहरू आपूर्ति, उद्धार र डाइभिङ टोलीहरूसँग तैनाथ छन्। भारतीय नौसेनाले स्थितिलाई नजिकबाट नियालिरहेको र उच्च सतर्कतामा रहेको मन्त्रालयले जनाएको छ।

राष्ट्रिय आपदा मोचन बल - NDRF ले चक्रवात दानाका कारण उद्धार र राहत कार्यको लागि ओडिशामा 20 टोली र पश्चिम बंगालमा 17 टोली खटाएको छ। ओडिशाका प्रभावित क्षेत्रहरूमा उपस्थित 1 लाख 70 हजारभन्दा बढी मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको छ।

अर्कोतिर, मौसम विभागले चक्रवाती आँधी दानाका कारण पश्चिम बंगालको पश्चिम र पूर्वी मिदनापुर अनि दक्षिण चौबीस परगना जिल्लाहरूमा शनिबारसम्म मुसलधारे वर्षा हुने

बताएको छ। कोलकाता, उत्तर चौबीस परगना, हावडा र हुगली जिल्लाका लागि ओरेन्ज अलर्ट जारी गरिएको छ।
चक्रवातका कारण जनधनको क्षति हुन नदिन राज्य सरकारले सबै सावधानी अपनाएको छ।

<u>कुस्ती - कांस्य</u>
कुस्तीमा भारतका विश्वजित रामचन्द्र मोरेले अल्बानियाको तिरानामा भइरहेको अन्डर 23 विश्व च्याम्पियनसिपमा कास्य पदक जितेका छन् । च्याम्पियनसिपमा यो भारतको पहिलो पदक हो। च्याम्पियनसिपमा भारतकी अञ्जली महिला 59 केजी तौल समूहको फाइनलमा पुगेकी थिइन् । अञ्जलीले आज राति फाइनलमा युक्रेनकी सोलिमिया विनिकसँग प्रतिस्पर्धा गर्नेछिन्।

<u>भारत-न्यूजील्यान्ड टेस्ट</u>
भारत अनि न्यूजील्यान्डमाझ दोस्रो क्रिकेट टेस्ट म्याचको पहिलो दिन न्यूजील्याण्डले पहिलो पारीमा 259 रन बनायो। पहिलो दिनको खेल समाप्त हुँदा भारतले पहिलो पारीमा एक विकेट खर्च गरेर 16 रन बनाएर खेलिरहेको थियो।

<u>भारत-जर्मन हकी</u>
भारत अनि जर्मनीमाझ नयाँ दिल्लीको मेजर ध्यानचन्द नेशनल स्टेडियममा भएको द्विपक्षीय सिरिज जर्मनीले जितेको छ। आज दोस्रो म्याच जर्मनीले 3-1 –ले जितेर सिरिज 2-0 ले जितेको हो।

<u>महिला क्रिकेट</u>
अहमदाबादको नरेन्द्र  मोदी स्टेडियममा जारी भारत-न्यूकजील्यान्ड महिला क्रिकेटको तीन म्याचको एकदिवसीय श्रृंखलाको पहिलो म्याचमा भारतले 228 रनको लक्ष्य दिएको छ। ताजा समाचार अनुसार लक्ष्यलाई पछ्याउँदै न्युजिल्याण्डले 26 ओवरमा 4 विकेट खर्च गरेर 113 रन बनाएर खेलिरहेको थियो।